# ऐतिहासिक पत्र–स्तम्भ

**स्वस्ति श्रीमन्महाराजधिराजकस्य रुक्का –**

आगे वषत वार सिंह के चयनपुरका लगमाहां वषत सुन्दर हिटीको घडचारी चनौय्या व्यासी षोला रुम्टो हाँलुङ् खरक तस्को सांध पूर्व चुन ढुङ्ग्या थुंको दक्षिण फलाटचा थुंको पश्चिम ढुंग्या गौडो उत्तर हिमाखोलो इति ४ किल्ला भित्रको जग्गा हिटी वघैचा सहार गर्न निमित्ये वक्स्यौ आफ्ना षातिर्ज्मासित घडचारी जानि भोग गर इति संवत् १८४८ साल मिति पौष वदी रोज ३ शुभम्

**स्वस्तिश्री चौतरिया प्राणशाहकस्य पत्रम्–**

आगे चएन्पूरका लगामा श्री काजि वषतवार सिंह वस्न्यातले वषत सुन्दरहिटी मनराजि वघैचा बनाई – १ वाट मोहर गरि ब्राह्मणलाई राष्याको रहेछ अघिका मोहर बमोजिमको जगा लाल ढडादेषि वाहिर राषि—वाट मोरु २ गरि वक्सनु भयाको सुवेदार हरिभक्तले चलं गराई दिया वमोजिम हामिले पनि थामिदियाको छ चलं गर आहाँबाट जान्या हाम्रा कारोवारिले पनि टंटा नगर इति संवत् १८७१ साल ज्येष्ठ वदि ११ रोज १ शुभम् –

श्री

| | |
|---|---|
| श्री ५ सर्कार २ | श्री शिव ३ |
| श्री वावाज्यू १ | श्री वावाज्यू ४ |

**स्वस्तिश्री लेफ्टेन मदनमान्सिह वस्न्यातकस्य पत्रम्**

आगे धनपति पाध्या वृहस्पति पाध्या महिपति पाध्या गोताम्था भाइ समेतके चयनपुरका अम्वल सिद्धिपुरमा लडाजी हुँदा हाम्रा १ वाट हानमार गरी वषत सुन्दर हिटी मनराजी वघैंचा बनाइ २ मा विति पारि त्यो गुठी जगाको लालमोहर गराइ तिम्रा वावा तुलाराम पाध्या गोताम्यालाइ कुल कपिला स्मेत लगि वस भनि राष्याको रहेछ पछि तिम्हेरूले पौवा वनाइ ३ स्थापना गरि जात··· विरुवा लगाइ वघैंचा गुलजार गर्दा १ वाट वन्दोवस्त गरि दिया वमोजिम ४ वाट पनि दस्कत गरिदिनु भयाको रहेछ आज हामीवाट पनि सो वमोजिम थामि दियाकै छ। वघैंचामा जात जातका विरुवा लगाउनु गाउँघर गुल्जार गर्नु हिटी वघैंचाको चिताइ नगरी हेमायत गर्‍यो रैतिलाई गाउँ घरमा नराषनु गुठीका षेत पाषाको पैदावार जो उठ्छ तेसले पौवा हिटी वघैंचाको मर्मता र रोज रोजका पूजाको षर्च अक्षता गर्नु नागपंचमीमा ब्राह्मण भोजन गराउनु गुठी भित्रका कुरियालाई वघैंचाको काम लगाउनु जोगी संन्यासी फकिर फगेडा ब्राह्मण भला आदिम आउंदा वेला वेलाको फलफुल र कागति ज्याविर निवुवाको चुक् तेस वघैंचामा फल्याका रुद्राक्ष ठुला ठुला दाना हामीसंग दाषिल गर्नु भन्या वन्देज वाधि अघि भयाका लालमोहर मुषत्यार भारादारका दस्कत र १ ४ हरूबाट गरिदिनु भयाका दस्कत वमोजीम आजसम्म तिम्हेरुले चर्न्या वेहोर्‍याका गुठीको जग्गा षेत पाषो आज हामीवाट पनि थामि दस्कत गरि दिन्यूं आफ्ना षातिर्ज्मासित जगा आवाद गुल्जार गरि –२– को जय मनाइ हामीलाई आसीर्वाद दि चलं गरि वस इति संवत् १९०७ साल मिति फाल्गुण वदी १२ रोज शुभम्—